## मध्यनेपाल नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः ३, संख्याः १, प्रकाशन मितिः २०७७।०३।२५**

### भाग–२

## विद्यालय व्यवस्थापन समितिको गठनसम्बन्धी मार्गनिर्देशन, २०७६

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) 'ज' ७ ले दिएको अधिकार (विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन) प्रयोग गर्न मध्यनेपाल नगरकार्यपालिका, भोर्लेटार, लमजुङको मिति २०७६।०८। २५को बैठकबाट स्वीकृत

**प्रस्तावनाः** मध्यनेपाल नगरपालिका, लमजुङमा सञ्चालित सामुदायिक विद्यालयहरुको सञ्चालन, रेखदेख, नियन्त्रण तथा व्यवस्थापन गरी सेवा क्षेत्रका सम्पूर्ण बालबालिकालाई सहज शैक्षिक पहुँच प्रदान गर्न, विद्यालयमा शान्तिपूर्ण र बालमैत्री वातावरण निर्माण गर्न र सम्पूर्ण अभिभावक एवम् शिक्षाका सरोकारवालाहरुलाई विद्यालयप्रति अपनत्वको भावना जागृत गराई विद्यालयको भौतिक, आर्थिक, शैक्षिक एवम् प्रशासनिक व्यवस्थापकीय पक्षको सुदृढीकरण गरी गुणस्तरीय शिक्षा प्राप्तिको लागि सहयोग गर्ने उद्देश्यले शिक्षा ऐन २०२८ को दफा १२ उपदफा १ बमोजिमको विद्यालय व्यवस्थापन समिति गठन गर्ने प्रयोजनको लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (२) को 'ज' ले

दिएको अधिकार प्रयोग गर्न मध्यनेपाल नगरकार्यपालिकाले यस नगरपालिकाका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा लागु हुने गरी यो मार्गनिर्देशन जारी गरेको छ ।

# परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस मार्गनिर्देशनको नाम "**विद्यालय व्यवस्थापन समितिको गठन सम्बन्धी मार्गनिर्देशन–२०७६**" रहेको छ ।

(२) यस मार्गनिर्देशन मध्यनेपाल नगरपालिका, नगरकार्यपालिका, लमजुङले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मार्ग निर्देशनमाः

(१) "**विद्यालय व्यवस्थापन समिति**" भन्नाले नेपाल सरकारको तोकिएको अधिकारी वा कार्यालयबाट अनुमति वा स्वीकृत लिई सन्चालित सामुदायिक विद्यालयहरुमा शिक्षा नियमावली एवम् यसै मार्गनिर्देशन अनुसार गठन भएको तथा यस मार्गनिर्देशन लागु हुनुपूर्व गठित विद्यालय व्यवस्थापन समिति भन्ने सम्झनु पर्दछ ।

(२) "**अभिभावक**" भन्नाले विद्यालयमा पठन पाठन गर्ने विद्यार्थीका बाबु, आमा, बाजे बज्यै, दाजु, भाइ, बहिनी, दिदी वा विद्यार्थीको पालनपोषण गर्ने र पठनपाठनको व्यवस्था मिलाउने व्यक्तिलाई सम्झनु पर्दछ ।

तर शिक्षा ऐन २०२८ को दफा १२ को उपदफा १ खण्ड क बमोजिम अभिभावकहरुले आफूहरु मध्येबाट छनौट गरी पठाउने दुई जना महिलासहित चार जना सदस्यहरुको हकमा अभिभावक भन्नाले विद्यालयमा पठनपाठन गर्ने विद्यार्थीको बाबु, आमा, बाजे र बज्यैलाई मात्रै सम्झनु पर्दछ । साथै यस नियमको प्रयोजनको लागि बाजे र बज्यै भन्नाले विद्यार्थीको बाबुपट्टिको बाजे र बज्यैलाई जनाउँछ ।

(३) "**शिक्षा शाखा प्रतिनिधि**" भन्नाले सम्बन्धित मध्यनेपाल नगरपालिको शिक्षा शाखाको कर्मचारी वा नगरपालिकाले खटाएको अधिकृत प्रतिनिधिलाई सम्झनु पर्दछ ।

(४) **"स्थानीय तह"** भन्नाले मध्यनेपाल नगरपालिका सम्झनु पर्दछ। साथै स्थानीय तहको प्रतिनिधि भन्नाले विद्यालय रहेको वडाको प्रतिनिधि सम्झनु पर्दछ।

(५) **"सदस्य"** भन्नाले शिक्षा ऐन २०२८ को दफा १२ को उपदफा (१) खण्ड (क) बमोजिमका सदस्य सम्झनु पर्दछ।

(६) **" संस्थापक", "शिक्षाप्रेमी", "स्थानीय वुद्धिजीवि"** भन्नाले विद्यालयको स्थापना गर्न वा स्थापना र विकासमा १० बर्षदेखि निरन्तर सहयोग पुऱ्याउने वा सोको अगुवाइ गर्ने, शिक्षा प्रति सकारात्मक सोच भएका, १० लाख वा सोभन्दा वढी नगद वा जिन्सी सहयोग गर्ने, सामजिक विकास एवम् शैक्षिक चेतना अभिवृद्धिमा प्रत्यक्ष वा अप्रत्यक्ष ढङ्बाट टेवा पुऱ्यापउने व्यक्ति सम्झनु पर्दछ।

(७) **"शैक्षिक सत्र"** भन्नाले विद्यालयमा पठन पाठन गर्ने हरेक वर्षको वैशाख १ गतेदेखि चैत्र मसान्तसम्मको अवधिलाई सम्झनु पर्दछ।

(८) **"छनौट सहयोग समिति"** भन्नाले विद्यालय व्यवस्थापन समिति गठन गर्ने प्रयोजनको लागि सहयोग पुऱ्याउने वा सहजीकरण गर्ने नगरपालिकाको शिक्षा शाखा प्रतिनिधि, सम्बन्धित वडा प्रतिनिधि र विद्यालयको प्रअ भएको समितिलाई सम्झनु पर्दछ।

(९) **"शिक्षा ऐन"** भन्नाले शिक्षा ऐन, २०२८ लाइ सम्झनु पर्दछ।

(१०) **"शिक्षा नियमावली"** भन्नाले शिक्षा ऐन, २०२८ अन्तर्गत बनेको शिक्षा नियमावलीलाई सम्झनु पर्दछ।

## परिच्छेद–२

## व्यवस्थापन समितिको अध्यक्ष र सदस्यको छनौट सम्बन्धी मार्गनिर्देशन

### ३. अभिभावकको नामावली प्रकाशन सम्बन्धी व्यवस्थाः

(१) शिक्षा ऐन २०२८ को दफा १२ उपदफा १ को खण्ड क बमोजिम सामुदायिक विद्यालयको व्यवस्थापन समितिको सदस्य छनौट गर्ने प्रयोजनको लागि शैक्षिक सत्र सुरू भएको तीस दिनभित्रकम्तीमा सात दिनको सूचना दिई अभिभावकहरुको भेला गराउनु पर्नेछ।

(२) उपनियम १ बमोजिम नभई निर्धारित पदावधि समाप्त भएको कारण सदस्य

छनौट गर्ने प्रयोजनको लागि त्यसरी सदस्यको पदावधि समाप्त हुनु ३० दिन अगावै र अन्य विभिन्न कारण सदस्यको पद रिक्त भइ पदपूर्ति गर्नको लागि त्यसरी रिक्त भएको १५ दिन भित्र अभिभावकहरुको भेला गराउनु पर्दछ ।

(३) उपनियम १ र २ अनुसार अभिभावकहरुको भेला गराउन कम्तीमा ७ दिन अगावै प्रधानाध्यापकले विद्यालयको विद्यार्थी भर्ना अभिलेखमा उल्लेख भए बमोजिमका अभिभावकहरुको नामावली विद्यालयमा सबैले देख्ने गरी प्रकाशन गर्नु पर्दछ । यसको ढाँचा अनुसूची १ मा दिइएको छ ।

(४) अभिभावकको सूची प्रकाशन गरी सकेपछि भर्ना भएका विद्यार्थीको अभिभावकको नाम यस प्रयोजनको लागि मान्य हुने छैन ।

(५) यस मार्गनिर्देशनको नियम २ उपनियम २ को प्रतिबन्धात्मक वाक्यांश बमोजिमका विद्यार्थीका बाबु, आमा, बाजे र बज्यै मध्ये यदि कसैले एउटै विद्यार्थीलाई संस्थागत र सामुदायिक दुवैतर्फ भर्ना गरेको पाइएमा त्यस्ता अभिभावकको नाम उक्त सामुदायिक विद्यालयको सूचीबाट हटाइने छ ।

(६) अभिभावकको नामावली प्रकाशन गर्दा सबै कक्षाका अध्ययनरत विद्यार्थीका अभिभावकहरुको नाम समेत समावेश गरिनेछ ।

(७) कुनै कारण कुनै विद्यार्थीले बीचैमा विद्यालय छाडेमा वा लगातार ६० दिनसम्म अनुपस्थित भएमा उक्त अभिभावकको नाम सूचीबाट हटेको मानिने छ ।

(८) विद्यालयमा सञ्चालत बालविकास केन्द्रका बालबालिकाहरुका अभिभावकहरुलाईसमेत यस प्रयोजनको लागि अभिभावक मानिने छ ।

**४. अभिभावकको नाम थप तथा संशोधन गर्न सक्ने:**

(१) यस मार्गनिर्देशनको नियम ३ उपनियम ३ बमोजिम प्रकाशित अभिभावकको नामावलीमा चित्त नबुझे वा नाम थप गर्न वा हटाउन वा अन्य विवरण सच्याउनु पर्ने भए अभिभावकहरुले प्रधानाध्यापक समक्ष तिन दिन भित्र सप्रमाण निवेदन दिनु पर्नेछ । सो निवेदन उपर प्रधानाध्यापकले तत्काल जाँचबुझ गरी हेर्दा सही ठहरिएमा विद्यालयबाट पूर्व प्रकाशित नामावलीमा नाम थप गर्न, हटाउन वा अन्य विवरण संशोधन गर्न सक्नेछ । सो संशोधित विवरण विद्यालयको सूचना पाटीमा तत्काल टाँस गरी सार्वजनिक गर्नुपर्नेछ ।

(२) नामावली वा विवरण सच्याउने कार्य अभिभावक भेला भन्दा कम्तीमा एक दिन अगावै सम्पन्न गरिसक्नु पर्नेछ ।

(३) अभिभावक भेला बोलाउँदा प्रत्येक अभिभावकलाई कम्तीमा ३ दिन अगावै भेलाको विषयवस्तु उल्लेख गरी पत्र पठाई आमन्त्रण गर्नु पर्नेछ ।

## ५. अभिभावक भेलाको आयोजना गर्ने सम्बन्धी व्यवस्थाः

(१) शिक्षा ऐन २०२८ को दफा १२ उपदफा १ को खण्ड क बमोजिम सदस्य छनौट गर्ने सम्बन्धमा अभिभावकहरुलाई सहयोग गर्नको लागि नगरपालिकाको शिक्षा शाखाको प्रतिनिधिरहेको ३ सदस्यीय छनौट सहयोग समिति रहनेछ। यस समितिका सदस्यहरु मध्ये बहुमत सदस्य उपस्थित नभई गरेको कार्य मान्य हुने छैन ।

(२) अभिभावक भेलाको अध्यक्षता निवर्तमान विद्यालय व्यवस्थापन समितिको अध्यक्षले गर्नेछ। निजको अनुपस्थितिमा छनौट सहयोग समितिकोसंयोजक वा निजको अनुपस्थितिमा छनौट समितिको वरिष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

(३) योग्यता पुगेका अभिभावकहरुले अनुसूची २ बमोजिमको ढाँचामा उम्मेदवारी सहयोग समितिका संयोजक समक्ष छनौट सहयोग समितिले तोकेको समय र स्थानमा उम्मेदवार स्वयम्ले पेश गर्नु पर्नेछ ।

(४) विद्यालय व्यवस्थापन समिति छनौट सहयोग समितिले  छनौट सम्बन्धी शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९ तथा यस मार्गनिर्देशनका प्रावधानहरुका वारेमा अभिभावकहरुलाई जानकारी गराउनेछ र यसै नीतिगत, कानुनी एवम् प्रक्रियागत व्यवस्था अनुसार अन्य प्रक्रिया अगाडि बढाउनेछ ।

## ६. मनोनयन पत्र र उम्मेदवारी दर्ता गर्ने सम्बन्धी व्यवस्थाः

(१) सदस्य छनौट गर्ने प्रयोजनको लागि यस मार्गनिर्देशनको नियम २ उपनियम २ को प्रतिबन्धात्मक वक्यांश अनुसार विद्यालयमा अध्ययनरत विद्यार्थीका अभिभावकले मात्र उम्मेदवारी दिन सक्नेछन् ।

(२) योग्यता पुगेका अभिभावकहरुले अध्यक्ष तथा सदस्य पदका लागि अनुसूची २ बमोजिमको ढाँचामा उम्मेदवारी सहयोग समितिका संयोजक समक्ष सहयोग समितिले तोकेको समय र स्थानमा उम्मेदवार स्वयम्ले पेश गर्नु पर्नेछ ।

(३) सदस्यका लागि चाहिने योग्यता शिक्षा नियमावली २०५९ को नियम २९ बमोजिम हुनु पर्नेछ ।

(४) सम्बन्धित विद्यालय तथा अन्य विद्यालयमा कार्यरत वहालवाला शिक्षक वा कर्मचारी तथा सरकारी कार्यालय एवम् सरकारको लगानीमा सञ्चालन भएका संस्थानका बहालवाला कर्मचारी सदस्य पदको लागि उम्मेदवार हुन सक्नेछैन ।

(५) स्थानीय स्तरमा हुने राजनीतिक वा अन्य कुनै सहमतीका आधारमा अभिभावक विनाको व्यक्ति शिक्षा ऐन २०२८ को दफा १२ को उपदफा १ खण्ड क बमोजिमका सदस्य पदको लागि छनौट हुन पाउने छैन । सोको लागि हाल अध्ययनरत विद्यार्थीका  बाबु, आमा, बाजे र बज्यै मध्येबाट मात्र हुनु पर्नेछ ।

७. **उम्मेदवारहरूको नामावली र सूची प्रकाशन सम्बन्धी व्यवस्थाः**

सहयोग समितिले तोकिएको समय भित्र र रितपूर्वक पेश हुन आएको मनोनयन पत्र अनुसारको पद र उम्मेदवारको सूची सबैले देख्ने गरी प्रकाशन गर्नु पर्नेछ । यसको ढाँचा अनुसूची ३ मा दिइएको छ ।

८. **उम्मेदवारहरूको नामावली उपर दावी विरोध एवम् छानविन सम्बन्धी व्यवस्थाः**

(१) सहयोग समितिले प्रकाशन गरेको उम्मेदवारको सूची उपर कुनै अभिभावकलाई चित्त नवुझेमा वा विवरण झुठा लागेमा समितिका संयोजक समक्ष तोकिएको समयभित्र सप्रमाण दाबी विरोध गर्न सक्नेछ । यसको लागि अनुसूची ४ मा दिइएको ढाँचामा लिखित निवेदन दिनु पर्नेछ ।

(२) प्राप्त दावी विरोध उपर सहयोग समितिले यथाशीघ्र छानविन गरी दाबी सही ठहरिएमा दाबी गरिए अनुसारको संशोधन सहित र दावी झुठा ठहरिएमा पूर्ववत् आधारमा उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्नेछ ।

९. **मार्गनिर्देशन अन्तरगत समयको हेरफेर तथा संशोधन सम्बन्धी व्यवस्थाः**

सहयोग समितिले विद्यालय व्यवस्थापन समिति सदस्यहरु छनौट गर्ने सम्बन्धी प्रक्रियामा निर्धारित समयलाई आवश्यक हेरफेर थपघट गर्न सक्नेछ ।

१०. **उम्मेदवारी फिर्ता लिने सम्बन्धी व्यवस्थाः**

(१) सहयोग समितिले तोकेको समय भित्र उम्मेदवार स्वयम् उपस्थित भई स्वेच्छाले आफ्नो उम्मेदवारी फिर्ता लिन सक्नेछ ।

(२) तोकिएको समयभित्र कुनै उम्मेदवारले नाम फिर्ता लिएमा संशोधन सहित र फिर्ता नलिएमा पूर्ववत् उम्मेदवारको अन्तिम नामावली सहितको सूची छनौट सहयोग समितिले अनुसूची ३ बमोजिमकै ढाँचामा प्रकाशन गर्नु पर्नेछ ।

११. **पदाधिकारी छनौट सम्बन्धी व्यवस्थाः**

(१) सहयोग समितिले उम्मेदवारहरुबीच सर्वसम्मत गराउने व्यापक प्रयास गर्नेछ । यसको लागि स्थानीय वुद्धिजीवी, सामाजिक कार्यकर्ता, शिक्षक अभिभावक सङ्घ, शिक्षकहरु, जनप्रतिनिधिहरुलगायतका प्रतिनिधिहरुलाई परिचालन गरी सहजीकरण गरिनेछ ।

(२) स्थानीय अभिभावक तथा सम्बद्ध व्यक्तिबाट सहमतिका लागि थप समय माग भएमा र उक्त माग सम्बन्धमा सहयोग समिति विश्वस्त भएमा तत्काल सम्पन्न प्रक्रियालाई यथावत राखी भेला स्थगित गरी पुनः अर्को दिन भेला गर्ने

गरी मिति, समय र स्थान तोक्न सक्नेछ । यसरी समय तोक्दा स्थगित भेला र पुनः आयोजना हुने भेलाबीचको समय १५ दिन भन्दा बढी हुने छैन ।

(३) उपनिय २ बमोजिम स्थगित भएको छनौट प्रक्रिया तोकिएको मितिमा पुनः सोही प्रक्रिया बमोजिम सर्वसम्मत ढङ्गले पदाधिकारी छनौट गर्ने प्रयास गरिनेछ ।

(४) कुनै कारण भेला स्थगित भई अर्को दिन सुरू गर्नुपर्ने अवस्थामा त्यसपूर्व सम्पन्न प्रक्रियालाई कायमै राखी बाँकी कामलाई अगाडि बढाउनुपर्नेछ ।

(५) उपनियम २ बमोजिमको कार्यहरुबढीमा ३ पटकसम्मको अभिभावक भेलामा ननाघ्ने गरी टुङ्ग्याउनु पर्नेछ ।

(६) यस नियमका उपनियम १, २, ३ र ४ बमोजिक अभिभावकहरुबीच सर्वसम्मत हुन नसकी आवश्यक परेमा मतदान, मतगणना र नतिजा घोषणाका लागि छनौट सहयोग समितिले तत्काल सङ्क्षिप्त मार्गनिर्देशन बनाई कार्य अगाडि बढाउन सक्नेछ ।

१२. **छनौट भएको घोषणा गर्नेः**

छनौट गर्नुपर्ने उम्मेदवारको जति पद सङ्ख्या छ त्यतिनै संख्यामा तत्तनत् पदका रित पूर्वका उम्मेदवारी भएमा सहयोग समितिले सर्वसम्मत वा निर्विरोध छनौट भएको कुरा घोषणा गरी अभिभावकहरुबाट अनुमोदन गराई माइन्यूट गर्नेछ ।

## परिच्छेद–३

## विविध

१३. **रिक्त पदपूर्ति सम्बन्धी व्यवस्थाः**

कुनै विद्यालयको विद्यालय व्यवस्थापन समिति अध्यक्ष वा सदस्यहरुको पदावधि सकिनु अगावै राजिनामा दिएमा वा नियमानुसार लामो समयसम्म पटक पटक बैठकमा अनुपस्थित भई पद रिक्त भएमा उक्त पद जुन प्रक्रियाबाट छनौट भएको हो बाँकी अवधिसम्मको लागि सोही प्रक्रिया र क्षेत्रबाट छनौट गरिनेछ ।

**स्पष्टीकरणः** पटक पटकका बैठकमा अनुपस्थित भन्नाले कम्तीमा लगातार ३ पटकसम्म सूचना प्राप्त गरेर बैठकमा उपस्थित नभएको भन्ने बुझिनेछ ।

## १४. अभिभावकको मान्यताः

(१) बालविकासदेखि माध्यमिक तह कक्षा १२ सम्मका वालबालिका विद्यालयमा अध्ययनरत रहँदा तथा औपचारिक रूपमा विद्यालय छाडी अन्यत्र नगएसम्मका लागि निजहरुका अभिभावकहरुलाई आधिकारिक मान्यता दिनुपर्नेछ ।

(२) उपनियम १ मा जुनसुकै कुरा लेखिएको भए पनि एसइई परीक्षा तथा कक्षा १२ को वार्षिक परीक्षामा सम्मिलित भएका विद्यार्थीका अभिभावकहरुजुन तह वा कक्षासम्म विद्यालय सञ्चालन भएको हो सोतह वा कक्षाको बार्षिक परीक्षाको नतिजा प्रशासन भइसकेका विद्यार्थीको अभिभावक विद्यालय व्यवस्थापन समिति छनौटको निमित्त अभिभावक रहेको मानिने छैन ।

## १५. पद रिक्त भएको मानिनेः

अभिभावकहरुबाट छनौट हुने सदस्यहरुको पद यस मार्गनिर्देशन अनुसार गठन भई सकेपछि आफ्ना विद्यार्थीलाई स्थानान्तरण गरी अन्यत्र लगेमा वा अध्ययन गर्न छाडेमा त्यस्ता विद्यार्थीका अभिभावकहरुको पद स्वतः समाप्त भएको मानिने छ ।

## १६. शिक्षक प्रतिनिधि सम्बन्धी व्यवस्थाः

(१) शिक्षा ऐन २०२८ को दफा १२ उपदफा १ को खण्ड घ बमोजिक विद्यालय व्यवस्थापन समितिमा प्रतिनिधित्व गर्ने शिक्षक सम्बन्धित विद्यालयको शिक्षक स्टाफको छनौट तथा सिफारिसमा हुनेछ ।

(२) उपनियम १ बमोजिम छनौट गर्दा विद्यालयका प्रधानाध्यापकले शिक्षक स्टाफको बैठक वोलाई उक्त विषयलाई बैठकको एजेन्डाको रूपमा राखेर सर्वसम्मत वा बहुमतको आधारमा सिफारिस गर्न सकिनेछ ।

(३) विद्यालय व्यवस्थापन समितिमा छनौट हुने शिक्षक बालविकासदेखि माविसम्म स्वीकृत दरबन्दी र राहतमा कार्यरत शिक्षकहरु मध्येबाट छनौट गरिनेछ । यदि कुनै विद्यालयमा स्वीकृत दरबन्दीको शिक्षक नरहेको अवस्थामा प्राथमिकताको क्रममा शिक्षक अनुदान कोटामा रहेको वा प्रतिव्यक्ति एकाइ लागत अन्तर्गत नियुक्त वा निजी स्रोतबाट तलब भत्ता खानेगरी नियुक्त शिक्षकहरु मध्येबाट छनौट गर्न सकिनेछ ।

## १७. " संस्थापक", "शिक्षा प्रेमी", "स्थानीय वुद्धिजीवि" सम्बन्धी व्यवस्थाः

(१) शिक्षा ऐन २०२८ को दफा १२ उपदफा १ खण्ड ग बमोजिम विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सोभन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरुमध्येबाट विद्यालय व्यवस्थापन

समितिले एक जना महिलासहित  सदस्यहरुमा मनोनित गर्नु पर्नेछ ।

(२) उपनियम १ बमोजिमका व्यक्ति भएर पनि तत्काल निज उपलब्ध हुन नसकेमा वा निज वसाइ सरी अन्यत्र गएको वा विदेश गएको अवस्थामा निजको एकाघरको अर्को सदस्यलाई निजले वस्न चाहेमा सदस्य बनाउनु पर्नेछ ।

(३) यसरी विभिन्न क्षेत्रबाट समावेश हुने विद्यालय व्यवस्थापन समिति पदाधिकारीहरु शिक्षा ऐन तथा नियमावलीको परिधिभित्र रही सकेसम्म समावेशी खालको बनाउनु पर्नेछ ।

## १८. विद्यालय व्यवस्थापन समितिको पदावधिः

विद्यालय व्यवस्थापन समितिको पदावधि गणना गर्दा गठन भएको मितिबाटै गणना गरी सोही अनुसार पुनर्गठनको व्यवस्था गर्नुपर्नेछ ।

## १९. अभिलेख पेश गर्नेः

विद्यालय व्यवस्थापन समिति गठन भएको मितिले सात दिनभित्र विद्यालयले समिति गठन सम्बन्धी सम्पूर्ण गतिविधि उल्लेख गरी नगरपालिकाको शिक्षा शाखामा आवश्यक  प्रतिलिपि सहितका कागजातहरु अभिलेखीकरणका लागि पेश गर्नु पर्नेछ ।

## २०. सहयोग समितिले आवश्यक कार्य गर्न सक्नेः

विद्यालय व्यवस्थापन समिति छनौट सहयोग समितिले पदाधिकारी छनौट प्रक्रिया सम्पन्न गर्नका लागि शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९ तथा यस मार्गनिर्देशनको भावनाको प्रतिकूल नहुने गरी अन्य थप मार्गनिर्देशन तय गर्न, विद्यालय व्यवस्थापन समिति तथा नगरपालिकासँग आवश्यक सहयोग एवम् सल्लाह लिन उपयुक्त आचार संहिता निर्माण गर्न तथा छनौट प्रक्रियालाई स्वच्छ निष्पक्ष र मर्यादित ढङ्गले सम्पन्न गरी आवश्यक कार्य गर्न सक्नेछ ।

## २१. सबैको कर्तव्य हुनेः

यस मार्गनिर्देशनको पालन  गर्नु मध्यनेपाल नगरपालिकामा रहेका सबै सामुदायिक विद्यालय तथा सरोकारवालाहरुको कर्तव्य हुनेछ ।

## २२. बाधा अडकाउ फुकाउने अधिकारः

यस मार्गनिर्देशनले व्यवस्था गरेको कुनै प्रावधान कार्यान्वयन गर्न बाधा अड्काउ फुकाउनु परेमा मध्यनेपाल नगरपालिका, नगरकार्यपालिकाको कार्यालयले त्यस्तो बाधा अडकाउ फुकाउन आवश्यक परिपत्र गर्न वा निर्देशन दिन सक्नेछ ।

# अनुसूची–१

## अभिभावकहरूको नामावली प्रकाशन गर्ने फारम

**( मार्गनिर्देशनको दफा ३ को उपदफा ३ सँग सम्बन्धित )**

श्री................................विद्यालय,

मध्यनेपाल नगरपालिका, लमजुङ ।

विद्यालय व्यवस्थापन समिति गठन गर्ने प्रयोजनको लागि यस विद्यालयका अभिभावकहरुको नामावली

| क्रसं | अभिभावकको नाम थर | ठेगाना | सम्बन्ध | विद्याधर्थीको नाम थर | कक्षा | रोल नं | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

......................

प्रधानाध्यापक

# अनुसूची–२

## शिक्षा ऐन २०२८ (संशोधन सहित) को दफा १२ उपदफा १ को खण्ड क को प्रयोजनका लागि विद्यालय व्यवस्थापन समितिको सदस्यर महिला सदस्य पदका लागि मनोनयन पत्र

**(मार्गनिर्देशनको दफा ५ को उपदफा ३ संग सम्बन्धित)**

श्रीमान् संयोजकज्यू,
छनौट सहयोग समिति ।

प्रस्तुतसन्दर्भमातपसिलबमोजिमविवरणभएकोमा म.................................................
श्री.................................................... विद्यालय,..................................को विद्यालय व्यवस्थापन समितिको सदस्यर महिला सदस्य हुन चाहेकाले यो मनोनयन पत्र दाखिला गरेको छु ।

**तपसिलः**

ईच्छुक व्यक्तिको नामः

ठेगानाः

नागरिकताः उमेरः शैक्षिक योग्यताः

सम्बन्धित विद्यार्थीको नामः

अध्ययरत कक्षाः रोल नः
विद्यार्थीसँगको सम्बन्धः

उल्लेखित व्यहोरा सही सत्य हो र मेरो ................................ नियमित रूपमा उल्लेखित कक्षामा अध्ययन गरिरहेको छ । झुठा ठहरे ऐन, कानुन, सवाल बमोजिम सहूँला, बुझाउँला ।

मितिः

हस्ताक्षरः

उल्लेखित व्यहोरा सही सत्य हो । झुठा ठहरे ऐन, कानुन, सवाल बमोजिम सहूँला, बुझाउँला भनी प्रमाणित गर्ने प्रधानाध्यापकको

नामः
हस्ताक्षरः
मितिः
मनोनय पत्र स्वीकृत गर्ने
संयोजकको नामः.
हस्ताक्षरः
मितिः

# अनुसूची–३
## उम्मेदवारहरूको नामावलीरसूची प्रकाशन
**(मार्गनिर्देशनको दफा ७ सँग सम्बन्धित)**

श्री.........................................................विद्यालय,

...................................., लमजुङ ।

विद्यालय व्यवस्थापन समिति गठन गर्ने प्रयोजनको लागि उम्मेदरवारहरुको नामावली

| क्र. स. | पद | उम्मेदवारको नाम थर | ठेगाना | विद्यार्थीको नाम, थर | कक्षा | रोल नं |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

संयोजक
विद्यालय व्यवस्थापन समिति छनौट सहयोग समिति
श्री.....................................विद्यालय,
............................, लमजुङ ।

# अनुसूची–४

## उम्मेदवारको नामावली उपर दावी विरोध

**(मार्गनिर्देशनको दफा ८ को उपदफा १ सँग सम्बन्धित )**

श्री संयोजकज्यू,
विद्यालय व्यवस्थापन समिति छनौट सहयोग समिति,
श्री.................................................विद्यालय,
...............................लमजुङ ।

उपर्युक्त सम्बन्धमा यस विद्यालयको विद्यालय व्यवस्थापन समिति गठन गर्ने प्रयोजनको लागि मिति.........................मा विद्यालयमा प्रकाशित भएको उम्मेदवारहरुको नामावली मध्ये ..............................पदका उम्मेदवार श्री................................ को उम्मेदवारी उपर मलाई तपसिलको कारणले चित्त नबुझेकोले उक्त उम्मेदवारी वदर गर्न अनुरोध गर्दछु ।

दावी विरोध गर्नु पर्नाका कारणहरू:

१.

२.

३.

दाबी विरोध गर्ने अभिभावकको

नाम थर:

ठेगाना:

अभिभावक नामावली क्र सं

दस्तखत:

मिति:

आज्ञाले,
**नर बहादुर खड्का**
प्रमुख प्रशासकीय अधिकृत